# एउटा विचारको यात्रापथ कथाको सङ्कथन विश्लेषण

**धनपति कोइराला (पिएच डी) ***

**लेखसार**

*सङ्कथन भनेको वाक्यको निरन्तर प्रवाह हो । सम्बद्धक र सम्बद्धन यसका प्रकारहरू हुन् । सम्बद्धकका व्याकरणिक र कोशीय दुई प्रकार हुन्छन् । सम्बद्धनका विभिन्न युक्तिहरू छन् । यिनका आधारमा कथ्य तथा लेख्य पाठको प्रयोगपरक रूपमा विश्लेषण गर्ने प्रायोगिक भाषाविज्ञानको एउटा महत्त्वपूर्ण शाखालाई सङ्कथन विश्लेषण भनिन्छ । यसले साहित्य र साहित्येतर सङ्कथन पाठको सूक्ष्म विश्लेषण गर्दछ । यौटा विचारको यात्रापथ आयामेली कथाकार इन्द्रबहादुर राईद्वारा लिखित कथा हो । यसलाई त्रिभुवन विश्वविद्यालयको स्नातक तह द्वितीय वर्षको पाठ्यवस्तुका रूपमा समावेश गरिएको छ । सम्बद्धकका आधारमा उक्त कथाको विश्लेषण गर्नु यस लेखको मुख्य उद्देश्य रहेको छ । यसमा गुणात्मक अनुसन्धान विधिको उपयोग गरिएको छ । यसमा अग्रसन्दर्भक रहेको छ । प्रथम, द्वितीय तथा तृतीय तीववटै पुरुषवाचक सार्वनामिक पदको प्रयोग गरिएको छ । यसमा स्थानिक सम्बद्धक तेईसवटा, कालिक सम्बद्धक अठारवटा रहेका छन् । प्रतिस्थापन सम्बद्धकअन्तर्गत दशवटा, पुनरावृत्ति सम्बद्धकअन्तर्गत पाँचवटा शब्दहरू, संयोजन सम्बद्धकअन्तर्गत दशवटा शब्दहरू लोपसम्बद्धकअन्तर्गत तेह्र स्थानमा पद तथा पदावली र निपात सम्बद्धकअन्तर्गत 'नै' पद उपयोग भएका छन् । कोशीय सम्बद्धकअन्तर्गत पर्यायवाचीका रूपमा पाँच शब्दयुगल उपयोग भएका छन् । विपरीतार्थी सम्बद्धकअन्तर्गत एघार शब्दयुगल, अनेकार्थीसम्बद्धक अन्तर्गत तेह्रवटा शब्दहरू, समावेशी सम्बद्धकअन्तर्गत क्रमशः कालवाचक बाह्रवटा, स्थानवाचक एघारवटा, खाद्यसँग सम्बन्धित पाँच, आदर्श र दानसँग सम्बन्धित तीन तीनवटा शब्दहरू प्रयोग भएका छन् । श्रुतिसमभिन्नार्थी सम्बद्धकअन्तर्गत दुई शब्दयुगल र चारवटा एकल शब्दहरू प्रयोग भएका छन् । बाबु र आमा शब्दको धेरैपटक पुनरावृत्ति गरिए पनि तिनका स्थानमा कुनै शब्द प्रतिस्थापित गरिएको छैन । फेरीवाल शब्दको केही स्थानमा ऊ, उनीहरू, तिनीहरूद्वारा प्रतिस्थापन गरिए पनि फरक फरक अनुच्छेदमा र एउटै अनुच्छेदभित्र पनि उही शब्दको पुनरावृत्ति गरिएको छ । पुनरावृत्ति भएका ती पदहरूले अर्थबोध तथा संरचनागत समन्वितिमा अवरोध गर्नुभन्दा प्रभावकारिता थपेको छ । सम्बद्धक प्रयोगका दृष्टिले प्रस्तुत सङ्कथनपाठ सन्तुलित एवम् संसक्तियुक्त रहेको छ ।*

**विशेष पद :** *सम्बद्धक, पश्चसन्दर्भक, प्रतिस्थापन, पुनरावृत्ति, संसक्ति*

## विषय प्रवेश

सङ्कथन भनेको भाषाको समग्र कथन हो । भाषाको निरन्तर प्रवाहलाई पनि सङ्कथन नै भन्ने गरिएको छ । यसलाई अङ्ग्रेजीमा 'डिस्कोर्ष' र हिन्दीमा 'प्रोक्ति' भन्ने गरिएको छ । हरेक भाषामा लघुतम एकाइदेखि बृहद् एकाइसम्म हुन्छन् । नेपाली भाषाका सन्दर्भमा पनि

* डा. कोइराला मध्यविन्दु बहुमुखी क्याम्पसका सहप्राध्यापक हुनुहुन्छ ।

ध्वनि/वर्ण, रूप, पद, पदावली, उपवाक्य र वाक्यसम्मका क्रमशः सानादेखि ठूला भाषिक एकाइ रहेका छन् । अभिव्यिक्तिका दृष्टिले पनि क्रमशः वाक्य, अनुच्छेद, परिच्छेद, प्रकरण र ग्रन्थसम्मका सानादेखि ठूला एकाइहरू छन् । सङ्कथन स्वरूपचाहिँ अभिव्यक्तिगत आकृतिसँग सम्बन्धित छ । यो भाषाको वाक्यभन्दा ठूलो अविच्छिन्न भाषिक विस्तारसँग सम्बन्धित छ । संवाद, वार्तालाप, अन्तर्क्रिया आदिमा प्रयोग भएका वाक्यात्मक ढाँचादेखि साना-ठूला कथा, कविता, खण्डकाव्य, निबन्ध, एकाङ्की, नाटक, उपन्यास, महाकाव्य आदि सङ्कथनभित्र पर्दछन् । सङ्कथन विश्लेषणले यस्ता साहित्यिक तथा साहित्येतर सङ्कथनहरूको वैज्ञानिक रूपमा अध्ययन तथा विश्लेषण गर्दछ । यो प्रायोगिक भाषाविज्ञानको एउटा महत्त्वपूर्ण शाखा हो । यसले कृतिको सम्बद्धक र सम्बद्धनका आधारमा कृतिको वस्तुपरक विश्लेषण गर्दछ । धेरै अनुसन्धाताहरूले सङ्कथन विश्लेषणलाई आधार बनाएर नेपाली साहित्यिक रचनाहरूको अध्ययन अनुसन्धान गरिसकेका छन् । यस सन्दर्भमा शिक्षा शास्त्र सङ्कायअन्तर्गत स्नातक तह प्रथम वर्षको पाठ्यक्रममा अनुसूचित इन्द्रबहादुर राईद्वारा लिखित एउटा विचारको यात्रापथ कथा सङ्कथनका मान्यतामा आधारित रहेर कहीँ कतैबाट अनुसन्धान हुनसकेको देखिदैन । यसर्थ यसमा सङ्कथन विश्लेषणअन्तर्गतको सम्बद्धक युक्तिका आधारमा प्रस्तुत कृतिको विश्लेषण गरी यसका बहुआयमिक प्रभाव र भाषिक सौन्दर्य प्रस्तुत गर्ने प्रयत्न गरिएको छ ।

## उद्देश्य

प्रस्तुत शोध अध्ययनका उद्देश्य निम्नलिखित छन् :

( सङ्कथन विश्लेषणअन्तर्गत सम्बद्धकको अनुशीलन गर्नु,

( सम्बद्धकका आधारमा इन्द्रबहादुर राईद्वारा लिखित एउटा विचारको यात्रापथ कथाको विश्लेषण गर्नु ।

## पूर्वसाहित्यको समीक्षा

ढकाल (२०६७) द्वारा कथाकार विश्वेश्वरप्रसाद कोइरालाको मधेसतिर कथामा सङ्कथनपरक अध्ययन गरिएको छ । उक्त शोधमा कथामा अन्य सम्बद्धकहरूको सापेक्षमा पुनरावृत्ति सम्बद्धकको अधिकतम प्रयोग भएको निचोड निकालिएको छ । भट्टराई (२०६८)द्वारा कथाकार गुरूप्रसाद मैनालीले लेखेको परालको आगो कथाको सङ्कथनपरक अध्ययन गरिएको छ । यसमा सबैभन्दा अनुक्रमबोधक सम्बद्धक रहेको र कतिपय स्थानमा दुई वाक्यका बीचमा एकभन्दा धेरै सम्बद्धक रहेको निष्कर्ष निकालिएको छ । भट्ट(सन् २०१५)द्वारा गरिएको कति बसुँ पर्खिएर...गजलको सङ्कथन विश्लेषण शोधलेखमा भाषिक विचलन रहेको निष्कर्ष निकालिएको छ । पौडेल (२०७०)द्वारा विश्वेश्वरप्रसाद कोइरालाको एकरात कथाको सङ्कथन विश्लेषण गरिएको छ । प्रस्तुत शोधमा अन्य सम्बद्धकका सापेक्षमा सार्वनामिक र कालिक सम्बद्धकको अधिक प्रयोग गरिएको, अनुक्रमबोधक, रीतिबोधक, तुलनात्मक र कतिपय वाक्यहरूका बीच दुईवटासम्म सम्बद्धन रहेको निष्कर्ष निकालिएको छ । खनाल (२०७४)द्वारा विश्वेश्वरप्रसाद कोइरालाका शत्रु कथाको सङ्कथनपरक अध्ययन गरिएको छ । कोइराला(२०७५)द्वारा पारिजातको सिटीहलको एउटा बूढो ज्यामी कथाको सङ्कथन शीर्षकमा लेख प्रकाशन गरिएको छ । यसमा व्याकरणिक सम्बद्धकअन्तर्गत पूर्वसन्दर्भक तथा

पुरुषवाची, दर्शकवाची र आत्मवाची सार्वनामिक सम्बद्धक तथा स्थानिक, कालिक, पुनरावृत्ति, संयोजन, प्रतिस्थापन, लोप र निपात सम्बद्धकलाई सैद्धान्तिक टेको बनाई पाठको विश्लेषण गरिएको छ ।

यसप्रकार विभिन्न शोधार्थीहरूद्वारा गरिएको शोधकार्य तथा शोधलेखले प्रस्तुत कृतिको सैद्धान्तिक अनुशीलन तथा सङ्कथन पाठको अध्ययन विश्लेषण गर्नमा सहयोग पुऱ्याएको छ ।

## अध्ययनविधि तथा सामग्री

प्रस्तुत शोधलेख गुणात्मक विधिमा आधारित छ। यसमा पुस्तकालयबाट सामग्री ग्रहण गरिएको छ । प्राप्त सामग्रीलाई तालिकीकरण गरिएको छ। तिनलाई वर्णन गर्न वर्णनात्मक र विश्लेषण गर्न विश्लेषणात्मक विधि उपयोग गरिएको छ । इन्द्रबहादुर राईद्वारा लिखित एउटा विचारको यात्रापथ कथालाई प्राथमिक स्रोतका रूपमा लिइएको छ। सङ्कथन विश्लेषणको सैद्धान्तिक अनुशीलन तथा कृतिको वर्णन तथा विश्लेषणका उपायका लागि विभिन्न भाषावैज्ञानिकद्वारा लिखित ग्रन्थहरू, सङ्कथनसँग सम्बन्धित स्नातकोत्तरका अप्रकाशित शोधग्रन्थहरू, विभिन्न पाठ्यपुस्तकहरू, शोधलेख र लेखको ढाँचाका निम्ति ‘अनुसन्धान प्रबन्धको रूप र शैली एवम् ‘भाषिक अनुसन्धान विधि ग्रन्थहरूलाई द्वितीयक सामग्रीको रूपमा उपयोग गरिएको छ

## शोधकार्यको सीमाङ्कन

यस अध्ययनमा इन्द्रबहादुर राईद्वारा लिखित एउटा विचारको यात्रापथ कथाको विधागत तत्त्व र पूर्वीय तथा पाश्चात्य साहित्यसिद्धान्तका आधारमा अध्ययन गरिएको छैन । सङ्कथनको सामान्य चर्चा, सङ्कथनका दुई युक्तिमध्ये यसमा सम्बद्धकअन्तर्गतका व्याकरणिक र कोशीय सम्बद्धकको मात्र अतिसङ्क्षिप्त सैद्धान्तिक चर्चा गरी यसैका आधारमा एउटा विचारको यात्रापथ कथाको विश्लेषण गरिएको छ। सम्बद्धकका उपभेदहरूका सबै उदाहरण दिंदा लेखको आयातन निकै लामो हुने भएकाले पाठभित्रका केही वाक्यहरू मात्र उदाहरणका रूपमा दिइएको छ । कतिपय सन्दर्भका निम्तितिनको सङ्केत मात्र उल्लेख गरिएको छ ।

## सङ्कथन विश्लेषणको सैद्धान्तिक अवधारणा

### सङ्कथन विश्लेषणको परिचय

सङ्कथन भनेको वाक्यभन्दा ठूलो भाषाको नटुक्रिएको एकाइ हो। यो सम्पूर्णताको भाषिक उच्चारसँग सम्बन्धित हुन्छ । यसलाई सिङ्गो भाव वा विचारसँग सम्बन्धित स्वयंमा पूर्णकथन मानिन्छ । यो भाषिक एकाइको विस्तारित रूप हो (भण्डारी र अन्य, २०६८ : १२) । वाक्यहरू र सामाजिक अर्थहरू तथा कार्यहरूबीचको अन्तरसम्बन्धको अध्ययनलाई सङ्कथन विश्लेषण भनिन्छ । यसले तथ्याङ्कीय ढङ्गले सञ्चारको क्रममा अर्थ र आशय प्रकट गर्दा के कति भाषावैज्ञानिक नियमितता प्रदर्शन गरिएको छ भन्ने विषयमा अध्ययन गर्दछ (ढुङ्गेल, २०६० : ११९-१२१) । यसले वक्ता र श्रोता, लेखक र पाठकका बीचको अन्तर्सम्प्रेषणीयता र त्यसभित्रको अन्तर्सम्बन्धलाई पनि केलाउने कार्य गर्दछ। परस्पर विचार आदान-प्रदान गर्ने क्रममा प्रस्तुत हुने मौखिक अभिव्यक्तिलाई कथ्य सङ्कथन, विचार व्यक्त गर्न प्रयोग गरिने लिखित अभिव्यक्तिलाई लेख्य सङ्कथन र सङ्केतहरूको प्रयोग गरी व्यक्त गरिएको कथनलाई साङ्केतिक सङ्कथनका रूपमा लिइन्छ (कोइराला, २०७४

: २०१-२०४) । वक्ता र श्रोताको प्रत्यक्ष सहभागितामा हुने कुराकानी, वादविवाद, जवाफ, समवेदना र बधाई ज्ञापन, गाली-प्रशंसा आदि कथ्य सङ्कथनहरू हुन् । लेख्य सङ्कथनमा भाषाको मानक, स्तरीय र औपचारिक भेद उपयोग हुन्छ । सम्बद्धक, सम्बद्धन, उद्देश्ययुक्तता, ग्राह्यता, सूचनात्मकता, परिस्थितिमूलकता र पाठहरूबीचको सम्बन्ध आदि पाठका स्तरहरू हुने भए पनि मुख्यतः सम्बद्धक र सम्बद्धन नै बढी चर्चामा रहेका छन् (ढुङ्गेल, २०६० : १२५) । यी दुईमध्ये पनि यस शोधमा सम्बद्धकका कोणबाट कथाको विश्लेषण गरिएकाले यहाँ सम्बद्धकको मात्र सैद्धान्तिक चर्चा गरिएको छ ।

**सम्बद्धक**

पाठमा रहेका विभिन्न घटकहरूका बीच सम्बन्ध देखाउने रूपगत संयुक्तिलाई सम्बद्धक भनिन्छ (लम्साल र अन्य, २०६७ : १६०) । यसले वाक्यभन्दा ठूला भाषिक एकाइहरूका बीच अन्तरसम्बन्ध बुझाउने कार्य गर्दछ । यस्ता सम्बद्धक तत्त्वहरूले पद-पदावली, उपवाक्यहरू र वाक्य-वाक्यहरूका बीचमा सम्बन्ध स्थापना गरेर अभिव्यक्तिलाई सन्दर्भपूर्ण बनाउँनमा उल्लेख्य भूमिका खेल्दछन् । यस्ता सम्बद्धकहरू निम्न छन् :

**व्याकरणिक सम्बद्धक**

व्याकरणिक सम्बद्धकअन्तर्गत निम्नलिखित सम्बद्धक रहेका छन् :

**सार्वनामिक सम्बद्धक**

सर्वनामसँग सम्बन्धित सम्बद्धकले सङ्कथनको अगाडि वा पछाडिको सन्दर्भमा आएर विचारलाई सन्दर्भपूर्ण बनाउँनमा सहयोग पुऱ्याउँछ । विचारलाई सुशृङ्खलित तुल्याउन सक्ने सर्वनाम नै सार्वनामिक सम्बद्धक हुन् (ढकाल, २०६८ : २६४) । यो पूर्वसन्दर्भक र पश्चसन्दर्भक गरी दुई प्रकारको हुन्छ । सुरुमा नाम र पछि यसलाई जनाउने सर्वनाम प्रयोग भएमा अग्रसन्दर्भक र पहिले सर्वनाम र अन्त्यमा मात्र नामको प्रयोग भएमा पश्चसन्दर्भक सार्वनामिक सम्बद्धक हुन्छ । सार्वनामिक सम्बद्धकका पनि पुरुषवाचक, आत्मवाचक, दर्शकवाचक, सम्बन्धवाचक, प्रश्नवाचक र पारस्परिक आदि उपभेदहरू रहेका हुन्छन् ।

**स्थानिक र कालिक सम्बद्धक**

स्थान जनाउनेलाई स्थानिक र समय जनाउनेलाई कालिक सम्बद्धक भनिन्छ । स्थानिक सम्बद्धकका साङ्केतिक, शाब्दिक, वैलोमिक एकवर्गीय उपभेद हुने उल्लेख गरेका छन् (तिवारी, सन् २००९ : २१७ र २१८) यहाँ, त्यहाँ, वहाँ, त्यता, भित्र(बाहिर, बाटोतिर, घरतिर, आदि स्थानिक सम्बद्धक हुन् । आज, भोलि, आगामी, अघि, पछि, यसअघि आदि कालिक सम्बद्धक हुन् ।

**संयोजन सम्बद्धक**

पद-पद, पदावली-पदावली, उपवाक्य-उपवाक्यहरूलाई एक-अर्कामा संयोजन गर्ने संयोजकलाई संयोजन सम्बद्धक भनिन्छ (ढकाल, २०६८ : २०६४): । यो संयुक्त र मिश्र वाक्य यसका उदाहरण हुन् । धेरै वाक्यहरू एउटामा मिल्नुलाई पनि संयोजन संसक्तिका रूपमा लिइन्छ (तिवारी, सन् २००९: २१८) । र, तथा, अनि, पनि, एवम्, वा, अथवा, तर, तापनि, तसर्थ, त्यसकारण आदि यस्ता सम्बद्धकहरू हुन् ।

**पुनरावृत्ति सम्बद्धक**

कुनै पनि कुरा स्वीकार गर्नु, किटानसाथ भन्नु र सहमति जनाउनु वा अस्वीकार गर्नु अथवा अनावश्यक अवरोधहरूलाई हटाउने कामका लागि पुनरावृत्तिको

प्रयोग गरिन्छ (ढुङ्गेल, २०६० : १२६) । कतिपय सम्बद्धकहरू सङ्कथनमा दोहोरिएर आउने गर्दछन् । कतिपय अवस्थामा एउटै भाषिक अंशको आवृत्ति हुँदा पनि पुनरावृत्ति सम्बद्धक हुन पुग्दछ ।

**प्रतिस्थापन सम्बद्धक**

मूल सन्दर्भका शब्दका सट्टामा नवीनता थप्न उही अर्थ र अभिप्राय दिने शब्दहरूको प्रयोग हुने शब्दलाई प्रतिस्थापन सम्बद्धक भनिन्छ (ढकाल, २०६८ : २६५) । मुख्य सन्दर्भका शब्दलाई प्रतिस्थापित गर्न आउने शब्दहरू प्रतिस्थापन सम्बद्धक हुन् ।

**लोप सम्बद्धक**

अभिव्यक्तिमा कुनै खास भाषिक एकाइको प्रयोगै नहुनु लोप सम्बद्धक हो (कोइराला, २०७४ : २०६)। यस्तो सम्बद्धकको कार्य सन्दर्भ अनुमानित गर्न सकिने अवस्थामा लोप हुने गर्दछन् ।

**कोशीय अर्थसम्बद्धक**

यसअन्तर्गत निम्न सम्बद्धक रहेका हुन्छन् :

**पर्यायवाची/समानार्थी**

उही वा उस्तै अर्थ व्यक्त गर्नुलाई पर्यायवाची वा समानार्थी भनिन्छ । सङ्कथन विश्लेषणमा यस्ता पर्यायवाची शब्दहरूको खोजी गर्ने र त्यसलाई निरूपण गर्ने कार्य गरिन्छ । पृथ्वी, भू, भूमि, धरा, धरित्री, धरणी, क्षिति, ज्या, आदि माटोका पर्यायवाची शब्दहरू हुन् ।

**विपरीतार्थी**

उल्टो अर्थ दिनुलाई विपरीतार्थी भनिन्छ । सङ्कथन विश्लेषणका सन्दर्भमा पाठमा प्रयोग भएका विपरीतार्थी पद तथा पदावलीहरूले पनि विपरीत अर्थका बीचमा संशक्ति (सम्बन्ध) सृजना गर्दछन् । यसैले सङ्कथन विश्लेषणमा यस्ता पद तथा पदावली ठम्याउने र यसले प्रदान गर्ने संशक्तिको खोजी गरिन्छ । उज्यालो(अँध्यारो, उकालो-ओरालो, तल-माथि, अघि-पछि, दिन-रात, होचो-अग्लो, दुब्लो-मोटो, रोएको-हाँसेको यस्ता विपरीतार्थी शब्दहरू हुन् ।

**अनेकार्थी**

शब्दले एकभन्दा धेरै अर्थ दिनुलाई अनेकार्थी भनिन्छ । सङ्कथन विश्लेषणमा यस्ता पद तथा पदावलीहरूको अध्ययन गरी तिनको अर्थ र भूमिकालाई नियाल्ने कार्य गरिन्छ । तर, कर, साल आदि शब्दहरू अनेकार्थी शब्दहरू हुन् ।

**समावेशी**

एउटै समूहभित्र पर्नुलाई समावेशी भनिन्छ । गुलाब, चमेली, सयपत्री, मखमली आदि फूलभित्र समावेश हुने शब्दहरू हुन् । यस्ता एउटै समूहमा समावेश हुने शब्दहरूले पाठलाई परस्परमा जोड्ने कार्य गर्दछन् ।

## सङ्कथन पाठ : एउटा विचारको यात्रापथ

दिनैपिच्छे छोरीलाई स्कूल पठाउनु, त्यसले मलाई आफ्नो पेटी बाँधिमाग्छ, त्यो स्कुल जान्छ, यै जीवन हो र यति मात्र जीवन हो (१) । महान् काम गर्न सक्दै नसुकूँला मैले, तर छोरीको जामा पेटी म कसिदिन सक्छु त्यै जीवन हो (२)। आज आजै सकिने कुराहरू (भविष्यत् हेरिरहनुपर्दैन) अर्को साल फेरि रोप्नुपर्ने मकै र आलुका बीउहरू, यी मात्रै जीवन र जीवनका सामग्री (३) । अनेक थोक मिसाएर मानिसले जीवनलाई बिख बनाइसकेको छ (४)।

यी निराश कुण्ठिएको विचार टुकुल टुकुल दगुर्दै मेरो मनमा कहाँदेखि आज आएको छ, म यसलाई पैल्याउँछु (५)

रहस्यहरूले खसेर जीवनलाई दुख्दो मीठो पारेको हुँदो रहेछ, यी रहस्यहरू जुन एक्कासि साँझको पहेँलो क्षणमा, मध्यरात बितिसकेको एक्लोको जगाइमा, वृष्टिप्रहरमा बाहिर वर्षा खस्न थालेपछि हाम्रा अस्तित्वमाथि आइलाग्छन्, यी नभए जीवन सेता उज्यालो मात्र हुने थियो (६)। रहस्यहरू मैले पनि किनिराखेको छु (७)। छानामा एकोहोरो वृष्टि पिटिएिको, बलेसीमा झुसिएको पानी तल भुईमा रातभरि झरेको मलाई प्रिय छ (८)। कसरी हो, फेरीवालले फेरी लाउँदा पनि म जाग्छु सजिलो फेरीवालले फेरी फुक्छ, घर वरिपरि घुम्दै गहिरो गुन्गुनाउँछ, म बुझ्दिनँ (९)। घरको कुकुर पनि चुप्प लागेको हुन्छ मेरो सुनाइभित्र ठूलो आहटले हिड्दै ऊ टाढो गइसकेको बुझिन्छ (१०)। म अझैं सुन्ने बल गरिरहेको हुन्छु (११)।

सानोमा पहिलो राति फेरीवाललाई सुन्दा म डराएको थिएँ र बाबुको छेउमा पुगेको थिएँ जस्तो लाग्छ (१२)। बाबु व्यँझिनु भएको रहेछ (१३)। मैले के के सोधेँ हुँला, बाबुले भन्नुभयो 'भोलि बिहान हेर्नू (१४)।'

फेरीवाललाई हेर्दा देखिन्छ पनि मलाई यो पच्न निकै अन्धकार लाग्यो (१५)।

बिहान दैलोमा फेरीवाल आएर उभेछ (१६)। आमाले नाङ्लो लानुभयो (१७)। मैले भित्रै भित्ताको दुलोदेखि हेरेँ आमाको सल हो कि फेरीवालको लुगा देखें सेतो सेतो के देखें (१८)।

'फेरीवाललाई किन त्यत्रो थोक दिएको ? हर्दी, नून चामल काँटी',मैले सोधेँ (१९)। 'फेरीवालले लडाइँ गरी भूत धपाइदिन्छ ।' आमाले भन्नुभयो (२०)। राती अन्धकारका प्राणीहरू रम्रम्ती डुल्दा रहेछन्, सुतेका हामीहरूलाई हेरेर जान्छन् होला, कालो रातमा झन् कालो तिनीहरूको आकार उभिएको र आइरहेको म आँखा फारेर देख्नसक्थेँ (२१) ।

'फेरीवाल एक्लै त्यति बेला निस्किन्छ (२२) ।'

'(तपाईको मनमा अँध्यारो रहस्यहरू जम्मा हुन थालेछ (२३)।')

पछि पनि एक रात फेरीवाल आयो (२४)। आकाशबाट एक छाँगो सेतो जून खसेर घरभित्र समेत छिटा उफ्रेका थिए (२५)। मैले उठेर आवाज नपारी झ्यालको पर्दा च्यातेर चियाएँ (२६)।

घुम्लुङ्ग सेता बर्को ओढेको मान्छे रहेछ (२७)। घरदेखि ओह्रालै गयो (२८)। गइसकेपछि कुकुरले ङुरङुर गऱ्यो, एकपल्ट जस्तो भुक्यो (२९)।

ठूलो भइसकेपछि म आफ्नो आदर्शलाई सोझो आँखामा हेर्न सक्थेँ र एक बिहान थुप्रै थोक दिएर सोधेँ -'तपाईहरूले उच्चारेको एक लवज बुझ्दिनँ म, के भन्नुहुन्छ दाइ, तपाईहरूले ?(३०)'

उसले बतायो, 'उनीहरू शिवका अनुचर हुन् (३१)।' उसले एक पङ्क्ति लेखाइ दियो : 'जहाँतक जोगी भेरी बजायै उहाँतककी रच्छे (३२)।'

शिवको (बेलाको) कल्पना आयो मलाई (३३)। शिव कुनै व्यक्ति नै थियो (३४)। हिमालयका पहाड हुँदो कुनै कालमा (३५)। तिनको शरण सुरक्षा थियो पीडितहरूलाई (३६)। वीरत्वको युग थियो (३७)। ऊ चार दिशा फेरी फुक्थ्यो, फेरीको आवाज जहाँतक पुग्थ्यो त्यहाँतक उनको अधिकार, उसको शान्ति (३८)। प्रतिद्वन्द्वी आवाज सुनेर चुप रहेर हेर्दथ्यो (३९)।

'आज पनि मेरो जोगी फेरी बजाएर रातमा समग्र द्वन्द्वी शक्तिहरूलाई आह्वान गरेर हिँड्छ (४०)।'

एक दिन म सिमाना बजार पुगेको थिएँ (४१)। धुस्सिएको दिन थियो, दाउरा ट्रकमा चढाएर पठाएपछि हामी ठेकेदारसँग उसको बासमा गयौं, चियादोकान पनि रहेछ उसको घर (४२)।

दोकान कोठादेखि छिरेर हामीभित्र पस्यौं, धुवाँले रडमडिएको अन्धकार कोठा थियो, मेरा खुट्टाले मान्छे कुल्च्यो (४३)।

मान्छे कुल्चेको जुत्तामा पनि थाह पाउँछौं (४४)। म उभिएँ रोकिएर (४५)। मान्छे कराएन पनि र यसो चलेन पनि (४६)। अप्रकृति र एउटा अपुग लाग्यो (४७)। 'के छ यहाँ ?' मैले सोधेँ (४८)।

निकै अघि निस्किएको घरमालिकले भन्यो- 'जोगी सुतेको छ, फेरीवाल (४९)।' 'के ?' कराएछु मैले (५०)।

जोगिएर अब पाइला सारेँ (५१)। खुट्टा खसेको लाग्दै थियो (५२)। फेरी अर्को मान्छे कुल्चेँ (५३)। 'कति जना छ ?' कराएँ रिसले (५४)।

उता उज्यालोमा पुगिसकेको उसले दिक्क मानेर भन्यो- 'पच्चीस तीस जना होला'(५५)

'पच्चीस ? तीस ?' मैले सोधेछु, कालो कोठामा अँध्यारोभित्र हेरेर भनेछु-'तीसजना फेरीवाल रु (५६)'

तीसजना फेरीवाल एकठाउँमा; मलाई त्यो सङ्ख्या र जमात नै घिनलाग्दो लाग्यो (५७)। फेरीवालको पनि जमात हुन सक्छ, थुप्रै र हरू-हुनसक्छ, एक र अर्को एकै हुन सक्छ, यो मैले सोच्न सकेको थिइनँ (५८)। मेरो फेरीवाल एउटा हुन्थ्यो, एक्लै हिड्थ्यो, अर्को फेरीवाल उसले थाहा पाएको हुँदैनथ्यो (५९)। नेपाली बाघको भयावह मूर्ति एक्ला एक्लै गरी हेरेको छु; बाघ त्यसै बलियो हुन्छ, उसलाई पखेटा लाइदिएकाले त्यसले समुद्र नाघेर आउनसक्छ; तर त्यो बाघको फौजको कल्पनासँग मलाई घृणा लाग्छ (६०) । यो बाघ भए पृथ्वीमा एउटै हुनुपर्छ (६१)।

म तिनीहरूको कोठामा आएँ (६२)। मास्तिरको एउटा खापा खोलेको देखेँ र ऐले उज्यालो पसेको थियो कोठामा (६३)। दुईजनाले ब्युँझिएर ओदानमा आगो निकालेको रहेछ; जलेको आगोको धुवाँ थिएन अब (६४)। माटोको भूइँ ढाकेर मैलो बर्को एकएकवटा तानेर मुख छोपेका धेरै शरीरहरू कुप्रेका र तन्केका थिए (६५)। सानो सानो मान्छेहरू मैलो लुगाको फुस्रोहरू, मिसिएको ह्वास्स गन्ध (६६)। कोठामा एउटा बलजफ्ती थियो (६७)।

सुके बजारमा आइपुगेर मैले एउटा दाज्यूलाई सबै चोट सुनाएँ (६८)। उसले भन्यो( 'आदर्शहरू त्यसरी एक एक गर्दै सबै ढल्दै जान्छ (६९)। सदा रहने आदर्श एउटै छ : ईश्वर (७०)।'

ईश्वरको आदर्श, मेरो एउटा रहस्यको, आज पतन भयो, भोलि अर्को एउटाको हुन्छ (राष्ट्रियता, सद्चरित्रता, साहित्यिकताको), पछि पछि सबै मेरो आदर्शहरू सिद्धिन्छन्, अनि के मैले यो जीवनलाई फाटेको टालो बनाएर ओडिराखु ?(७१)

घरको दैलोमा दश रकमका माग्ने र ठग्नेहरू आएर उभिन्छन् (७२)। त्यसैले मेरो घरमा एउटा नियम छ ( ७३)। असहाय र अपाङ्गहरूलाई भए पैसा, मुट्टीदान, चिया, पुरानो कोट दिइहाल्छौं (७४)। ठगाँर आएर उभिए, घरको नियम छ, एक दाना इस्कुस दिन्छौं (७५)। बारीमा खोल्साभरि इस्कुस झरिबसेको हुन्छ, त्यै दिइहाल्छौं एक दाना ? त्यो पनि थापेर आफ्नो याचिता र विनयिता देखाएर जान्छन् ठगारहरू(७६)।

हिजो राति फेरी लाग्यो भन्छ, बिहान दैलोमा टाटेपाटे झोला खोलेर फेरीवाल उभिबसेको रहेछ (७७)।

नानीहरूकी आमाले ठूलो थालमा अनेक थोक भाग लाएकी रहिछन् मैले रोकेँ, अनि एक दाना इस्कुस टिपेर गएँ, त्यै दिएँ (७८)।

फेरीवालले हेऱ्यो, तिरस्कारसँग हेरेर नथापी त्यो गयो (७९)। मेरो एउटा आदर्श चकनाचुर भएको थियो अवश्यै, तर म जुन मानिस हुँ (र मानसिकता) अलिकति पनि चोइटिएको छैन रहेछ (८०)। (म बाँचेको छु, चोइटिए पनि पूरै छु); दैलोमा मैले हर्ष र बल पाएँ; एउटा के, साराका सारा आदर्शहरू नष्ट भएपछि पनि मानिसको मानिसता सिङ्गो नै रहेछ (८१)।

यो धक्का सहेर म धेरै बलियो भएको छु र आज झन भन्छु : "मान्छेसँग पहिले आदर्श थिएन तर 'जीवन' साँचो र पूर्ण थियो उसको (८२)। थिएन भन्नु जीवनप्रति ब्लास फेमी हो (८३)। आदर्शहरू बटुल्ने काम पछि हुँदै आएछ र थपिँदै आयो (८४)। जीवन तर त्यसै बाँचिन्छ, यसमा आदर्श र सिद्धान्तहरूको अर्थ हान्नु पर्दैन (८५)। एउटा नाउँ नजानिएको कीराले एउटा दिनले जसरी जीवन बिताउँछ, बित्नै चाहिँ जीवन त्यसरी बित्नुपर्छ, आदर्शहरूको आहारा र लुछाचोक्टी नबनी (८६)। थोरी ती महान्हरूलाई होइन, (महान् काम गर्दै नगरुँला मैले) साधारण सहस्रहरूलाई देखेर सिकिन्छ जीवन : काम सबै कामै मात्र हो (८७)। निख्खर जीवन बाँच्नै दिएनन् यिनीहरूले (८८)। जिन्दगीमा हामी यहाँ जन्मेको यी आदर्शहरूको चाकरीमा लाग्न आएका होइनौँ (८९)।"

## सम्बद्धकका आधारमा कथाको विश्लेषण

एउटा विचारको यात्रापथ कथाको सम्बद्धकका व्याकरणिक र कोशीय आधारमा निम्नानुसार अध्ययन गरिएको छ :

### व्याकरणिक सम्बद्धक

व्याकरणिक सम्बद्धकअन्तर्गत सार्वनामिक, स्थानिक, कालिक, संयोजन, प्रतिस्थापन, पुनरावृत्ति, लोप र निपातका आधारमा उक्तपाठको यसप्रकार अध्ययन गरिएको छ :

### सार्वनामिक सम्बद्धक

प्रस्तुत एउटा विचारको यात्रापथ पाठकथामा अग्रसन्दर्भक सार्वनामिक सम्बद्धक रहेको छ । 'दिनैपिच्छे छोरीलाई स्कूल पठाउनु, त्यसले मलाई आफ्नो पेटी बाँधिमाग्छ, त्यो स्कुल जान्छ, यै जीवन हो र यति मात्र जीवन हो (१)।' भनेर पाठ आरम्भ भएको छ। दैनिक जीवनचर्याको सङ्क्षिप्त वृत्तान्त वर्णन गर्ने सन्दर्भमा प्रस्तुत पहिलो वाक्यमा 'त्यसले' 'त्यो' सर्वनाम पदबाट सम्बोधित हुने व्यक्ति छोरी भएको वाक्यको दोस्रो पदबाट नै खुलाइएको छ । कथाको मुख्य चरित्र 'मपात्र' भए पनि उनले बनाएको प्रतिनिधिमूलक मुख्यपात्रचाहिँ 'फेरीवाल' हो । उसैसँग कथावस्तु जोडिदै जोडिदै गई प्रसङ्गअनुरूप नै विचार पनि प्रस्तुत हुँदै गएको छ। फेरीवालको उपस्थिति सतहत्तरौँ 'फेरीवालले हेऱ्यो, तिरस्कारसँग हेरेर नथापी त्यो गयो (७७)।' वाक्यसम्म भए पनि उसले गरेको तिरष्कार पश्चात्को परिघटना र विचारमा अरू दुई अनुच्छेदका दशवाक्यहरू प्रवाहित भएका छन् । यसैले 'सानोमा पहिलो राति फेरीवाललाई सुन्दा म डराएको थिएँ र बाबुको छेउमा पुगेको थिएँ जस्तो लाग्छ (१२) ।' वाक्यमा आएको 'फेरीवाल' उसका सट्टामा पछि प्रयोग हुने सर्वनामका निम्ति अग्रसन्दर्भक बन्न गएको छ । एकजना फेरीवालका निम्ति एकवचन 'त्यो', 'ऊ' र धेरै फेरीवालहरूका निम्ति 'तिनीहरू' 'उनीहरू' विभक्ति सहितको 'उसले' 'उनीहरूको' र 'तपाइँहरूले'

विभक्तिरहित 'उनीहरू' 'तपाईहरू' प्रयोग गरिएको छ। फेरीवालसँग जिज्ञासा राख्दा उच्च आदरार्थक 'तपाईँहरूले' पदको प्रयोग गरिएको छ। सुकेबजारका दाजु, ठेकेदारहरूका निम्ति अनादरवाची 'उसले', समाख्याता अर्थात् मुख्यचरित्र 'मपात्र' रहेकाले यसैअनुरूप 'म' सर्वनामका विभिन्न विभक्ति लागेका 'म' 'मैले' 'मलाई' पदको प्रयोग गरिएको छ। आमाबाबु र नानीहरूकी आमाका सट्टामा सर्वनाम पद प्रयोग गरिएको छैन। यसमा प्रयोग गरिएका सार्वनामिक सम्बद्धक र ती प्रयोग गरिएका केही वाक्यहरू निम्नलिखित छन् :

तालिका नं. १

*सार्वनामिक सम्बद्धक*

| क.स. | सर्वनाम | सर्वनामका उपभेद | पाठमा प्रयुक्तसार्वनामिक सम्बद्धक |
|---|---|---|---|
| १ | पुरूषवाचक | प्र.पु. | म, मलाई, हामीहरूलाई |
| २ | पुरुषवाचक | द्वि.पु. | तपाईँहरूले |
| ३ | पुरुषवाचक | तृ.पु. | उसले, उनीहरू, त्यो तिनीहरू |
| ४ | दर्शकवाचक | समीप | यो,यी, यहाँ |
| ५ | दर्शकवाचक | दूरवर्ती | त्यो |
| ६ | प्रश्नवाचक | - | के, के के, किन |
| ७. | सम्बन्धवाचक | - | जहाँ तहाँ, जुन |

- दिनैपिच्छे छोरीलाई ..., त्यसले मलाई ..., त्यो स्कुल जान्छ, यै ...(१)।
- ... मैले, ... म ... त्यै ... (२)।
- ... ऊ टाढो ... (१०)। म ... (११)।
- 'फेरीवाललाई किन ...?... 'मैले ... (१९)।
- ... तिनीहरूको ... म आँखा फारेर देख्नसक्थेँ (२१)।
- 'तपाईहरूले उच्चारेको एक लवज बुझ्दिनँ म, के भन्नुहुन्छ दाइ, तपाईहरूले ?(३०)'
- उसले ..., उनीहरू...हुन् (३१)।
- उसले ... जहाँतक ... उहाँतकको रच्छे (३२)।
- ...हामी ...उसको बासमा ... (४२)।
- 'के ?' ...(५०)।
- 'कति जना छ ?' कराएँ रिसले (५४)।
- जिन्दगीमा हामी यहाँ जन्मेको यी ... (८७)।

माथि उल्लिखित सङ्कथनका उनानब्बेवटा वाक्यहरूमध्ये पैंतीस वाक्यहरूमा सार्वनामिक सम्बद्धकको प्रयोग गरिएको छ। तीमध्ये'मपात्र' नै केन्द्रीय पात्र र विचार प्रस्तुत गर्ने समाख्याता चरित्र भएकाले 'म', 'मैले', 'मलाई' शब्दको सर्वाधिक प्रयोग गरिएको छ। यसपछि 'त्यो' 'तिनीहरू' प्रयोग गरिएको छ। प्रस्तुत कथा विचारप्रधान रचना भएकाले यसमा वैचारिकता प्रस्तुत गर्न 'मपात्र'को भूमिका बढी भएको हुँदा यसमा प्रथमपुरुषीय एकवचन सर्वनाम सम्बद्धकको प्रयोग गरिएको छ। यसको सापेक्ष यसमा तृतीयपुरुषीय सार्वनामिक सम्बद्धक रहेको छ।

**स्थानिक तथा कालिक सम्बद्धक**

यस सङ्कथनमा प्रयुक्त स्थानिक तथा कालिक सम्बद्धक निम्नलिखित छन् :

तालिका नं. २

*स्थानिक तथा कालिक सम्बद्धक*

| स्थानिक सम्बद्धक | कालिक सम्बद्धक |
|---|---|
| स्कुल, बाहिर, भुइँ, घर वरिपरि, छाना, टाढो, छेउ, दैलो, आकाश, घरभित्र, हिमालयका पहाड, सिमाना बजार, चियादोकान, वास, अन्धकार कोठा, कालो कोठा, सुके बजार, घर, बारी, खोल्साभरि थाल, यहाँ, तलमाथि, भित्र, | आज, भविष्यत्, अर्को, साल, एक्कासि, साँझको पहँलो क्षण, मध्यरात, वृष्टिप्रहर, रातभरि पहिलो राति, भोलिबिहान, बिहान, कालो रात, एकरात, कुनै काल, भोलि पहिलो क्षण, मध्यरात |

**स्थानिक सम्बद्धक**

– … स्कूल पठाउनु, (१)।
– छानामा … बलेसीमा… तल भुइँमा …(८)।
– हिमालयका पहाड … (३५)।
– … सिमाना बजार … (४१)।
– … दाउरा ट्रकमा …बासमा गयौं, चियादोकान … घर (४२)।
– दोकान कोठादेखि … (४३)।
– …पृथ्वीमा … (६१)।
– … कोठामा आएँ (६२)।
– … ओदानमा आगो निकालेको …(६४)।
– माटोको भूइँ … (६५)।
– सुके बजारमा … (६८)।
– घरको दैलोमा …(७२)।
– बारीमा… (७६)।

**कालिक सम्बद्धक**

– दिनैपिच्छे … हो (१)।
– आज आजै … अर्को साल … (३) ।
– …साँझको पहँलो क्षणमा, मध्यरात … (६)।
– … रातभरि … छ (८)।
– …'भोलि बिहान हेर्नू (१४)।'
– बिहान दैलोमा … (१६)।
– राती अन्धकारका … कालो रातमा (२१) ।
– पछि पनि एक रात फेरीवाल आयो (२४)।
– … एक बिहान … (३०)
– … कुनै कालमा (३५)।
– … युग थियो (३७)।
– 'आज … रातमा … (४०)।'
– एक दिन … थिएँ (४१)।
– … ऐले उज्यालो … (६३)।
– … आगोको धुवाँ थिएन अब (६४)।
– … आज पतन भयो, भोलि… (७१)
– हिजो राति … बिहान दैलोमा … (७७)।

**संयोजन सम्बद्धक**

प्रस्तुत पाठमा प्रयुक्त संयोजन सम्बद्धक निम्नलिखित छन्

**तालिका नं. ३**

***संयोजन सम्बद्धक***

| पाठमा प्रयुक्त संयोजन सम्बद्धक |
|---|
| र, तर, पनि, कि,अनि, जुन, जहाँ, त्यहाँ, जसरी, त्यसरी |

– … यै जीवन हो र यति … (१)।
– … मैले, तर छोरीको … (२)।
– … यी रहस्यहरू जुन एक्कासि … थियो (६)।
– … सल हो कि फेरीवालको … (१८)।
– … जहाँतक पुग्थ्यो त्यहाँतक … (३८)।
– मान्छे कराएन पनि र यसो चलेन पनि (४६)।
– … मैले रोकेँ, अनि एक दाना …(७८)।
– जसरी जीवन बिताउँछ, … त्यसरी बित्नुपर्छ, … नबनी (८६)।

यसमा सर्वाधिक 'र' संयोजनको, त्यसपछि क्रमशः 'पनि'को, 'तर'को'जुन'को, जहाँको, त्यहाँको, जसरी र त्यसरीको प्रयोग गरिएको छ ।

**पुनरावृत्ति सम्बद्धक**

सङ्कथन पाठको पुनरावृत्ति सम्बद्धकको प्रयोग गरिएका शब्द र ती शब्द प्रयोग भएका वाक्यहरू निम्नलिखित छन् :

**तालिका नं. ४**

*पुनरावृत्ति सम्बद्धक*

| पाठमा पुनरावृत्ति भएका शब्दहरू |
| --- |
| र, पनि, अनि, तर,जीवन, आदर्श, तपाइँ, जीवन, फेरीवाल |

– … फेरीवालले फेरी लाउँदा पनि म जाग्छु सजिलो फेरीवालले फेरी फुक्छ,… (९)। …फेरीवाललाई सुन्दा म डराएको … (१२) । फेरीवाललाई हेर्दा देखिन्छ … (१५)। …बिहान दैलोमा फेरीवाल … (१६)। …फेरीवालको लुगा देखेँ सेतो सेतो के देखेँ (१८)। 'फेरीवाललाई किन त्यत्रो थोक दिएको … (१९)। 'फेरीवालले …(२०)। 'फेरीवाल एक्लै …(२२)।' …फेरीवाल आयो (२४)। … फेरीवाल (४९)।' फेरीवाल एकठाउँमा… (५७)। फेरीवालको …(५८)। मेरो फेरीवाल … फेरीवाल… ( ५९)। …फेरीवाल … (७७)। फेरीवालले हेऱ्यो… (७९)।

– …'आदर्शहरू त्यसरी एक एक गर्दै सबै ढल्दै जान्छ (६९)। … आदर्श एउटै छ : ईश्वर (७०)।' …आदर्श, मेरो एउटा रहस्यको, … मेरो आदर्शहरू सिद्धिन्छन् … (७२)।

– … आदर्श चकनाचुर … (८०)।, …सारा आदर्शहरू… (८१)।…आदर्श थिएन तर 'जीवन' … (८२)। आदर्शहरू बटुल्ने … (८४)

– …आदर्श र सिद्धान्तहरूको अर्थ हान्नु पर्दैन (८५)। …आदर्शहरूको आहारा र लुछाचोक्टी नबनी (८६)। …यी आदर्शहरूको चाकरीमा लाग्न आएका होइनौं ( ८९)।

– … यै जीवन हो र यति मात्र जीवन हो (१)। … त्यै जीवन हो (२)। … यी मात्रै जीवन र जीवनका सामग्री (३) । … जीवनलाई बिख बनाइसकेको छ (४)।

माथि उल्लिखित दृष्टान्तमा फेरीवाल पदको सोह्रपटक पुनरावृत्ति भएको छ। आदर्श पदको नौपटक पुनरावृत्ति भएको छ। जीवन पद तेह्रपटक पुनरावृत्ति भई आएको छ । फेरीवालको पुनरावृत्ति धेरैपटक भएको छ । 'र' पदको उन्नाईसपटक, 'पनि' छपटक, 'तर' तीनपटक पुनरावृत्ति भएका छन् । पुनरावृत्ति भएका फेरीवाल, जीवन र आदर्श शब्दहरू कथाको सारतत्त्व र कथासूत्रका रूपमा रहेकाले तिनको प्रयोग सान्दर्भिक बन्न गएको छ । तिनले पुनरावृत्ति दोषको आभास दिएका छैनन् ।

**प्रतिस्थापनसम्बद्धक**

प्रस्तुत सङ्कथन पाठमा सरल प्रतिस्थापनअन्तर्गत नामिक प्रतिस्थापन, क्रियापदिक प्रतिस्थापन, नाम पदावली प्रतिस्थापन र जटिल प्रतिस्थापनको समेत प्रचुर प्रयोग गरिएको छ। ती प्रतिस्थापित पद पदावली र तिनको प्रयोग निम्नानुसार रहेको छ :

**तालिका नं. ५**

***प्रतिस्थापन सम्बद्धक***

| पाठमा प्रयुक्त प्रतिस्थापन शब्दहरू |
| --- |
| ऊ, सुरक्षा, जोगी, जमात, थुप्रै, हरू, ठग्ने, पूरै छु, जिन्दगी, द्वन्द्वीशक्ति |

'आज पनि मेरो जोगी भन्ने बजाएर रातमा समग्र द्वन्द्वीशक्तिहरूलाई आह्वान गरेर हिँड्छ (४०)।'

… जमात नै … (५७)। …थुप्रै र हरू–हुनसक्छ, … न सक्छ, … (५८)

यसमा छोरीलाई प्रतिस्थापन गर्न त्यसले र त्यो, फेरीवाललाई प्रतिस्थापन गर्न ऊ, उनीहरू, तिनीहरू, तपाइँ, जोगी, शरणलाई सुरक्षा, धेरैलाई थुप्रै, हरू, जमात शब्दहरू प्रतिस्थापित भएर आएका छन् । जीवनलाई जिन्दगी र द्वन्द्वीशक्तिलाई प्रतिद्वन्द्वी शब्दले प्रतिस्थापन गरेको छ ।

**लोपसम्बद्धक**

विचारप्रधान कथा भएकाले यसमा लोपको सन्दर्भ धेरै नरहे पनि कतिपय सन्दर्भमा पद र पदावलीको लोप निम्नलिखित वाक्यहरूमा भएको छ :

- मैले के के सोधेँ हुँला, बाबुले भन्नुभयो– 'भोलि बिहान हेर्नू (१४)।'(**'अहिलेचूप लागेर सुत्' पदको लोप**)
- घरदेखि ओह्रालै गयो (२८)। (**'ऊ' वा 'फेरीवाल' पदको लोप**)
- हिमालयका पहाड हुँदो कुनै कालमा (३५)। (**कर्ता 'शिव' र क्रियापद 'थिए' दुई पदको लोप**)
- मान्छे कुल्चेको जुत्तामा पनि थाह पाउँछौँ (४४)। (**'हामी' कर्तापदको लोप**)
- जोगिएर अब पाइला सारेँ (५१)। (**'मैले'कर्तापद लोप**)
- खुट्टा खसेको लाग्दै थियो (५२)। (**'मलाई'पदको लोप**)
- मास्तिरको एउटा खापा खोलेको देखेँ ...(६३)। (**'मैले' कर्तापदको लोप**)
- सानो सानो मान्छेहरू मैलो लुगाको फुस्रोहरू, मिसिएको ह्वास्स गन्ध (६६)। (**'त्यहाँ' स्थानिक र 'थिए र थियो' लोप**)
- कोठामा एउटा बलजफ्ती थियो (६७)। (**'गन्ध' पदको लोप**)
- असहाय र अपाङ्गहरूलाई भए पैसा, मुट्ठीदान, चिया, पुरानो कोट दिइहाल्छौँ (७४)। (**'हामी' कर्तापदको लोप**)
- ...इस्कुस दिन्छौँ (७५)। (**'हामी' कर्ता पदको लोप**)
- बारीमा खोल्साभरि इस्कुस झरिबसेको हुन्छ, त्यै दिइहाल्छौँ ... (७७)। (**'हामी' कर्तापदको लोप**)

यसप्रकार प्रस्तुत पाठमा 'अहिले चूप लागेर सुत्', 'ऊ वा फेरीवाल', ('शिव' र 'थिए'), ('हामी'), 'मैले', 'मलाई', 'मैले', 'त्यहाँ', 'थिए र थियो', 'गन्ध', र यसपछि तीन ठाउँमा 'हामी' कर्तापदको लोप भएको छ ।

**निपातसम्बद्धक**

प्रस्तुत पाठमा प्रयुक्त निपात र ती निपात प्रयोग भएका वाक्य निम्नानुसार रहेको छ :

| पाठमा प्रयुक्त निपात सम्बद्धक शब्द |
|---|
| नै |

निपातको सुन्दर संयोजन गरिएका केही वाक्यहरू निम्नलिखित छन् :

- शिव कुनै व्यक्ति नै थियो (३४)।
- मानिसको मानिसता सिङ्गो नै रहेछ (८१)।

माथि उल्लिखित दुईवटा वाक्यहरूमा मात्र निपात सम्बद्धक(नै)को प्रयोग गरिएको छ । यसले उक्त वाक्यमा निश्चित अर्थ अरू नभई 'व्यक्ति' र आधा नभई 'सिङ्गै' भन्ने अर्थ

प्रस्तुत गरेको छ। यसले वाक्यलाई आलङ्कारिक तुल्याउनमा महत्त्वपूर्ण भूमिका खेलेको छ ।

### कोशीय सम्बद्धक

कोशीय सम्बद्धकअन्तर्गत पर्यायवाची, विपरीतार्थी, अनेकार्थी र समावेशिताका आधारमा पाठको यसप्रकार विश्लेषण गरिएको छ :

### पर्यायवाची सम्बद्धक

पाठमा प्रयोग भएका पर्यायवाची शब्दहरू निम्नलिखित छन् :

तालिका नं. ७

*पर्यायवाची सम्बद्धक*

| पाठमा प्रयोग भएका पर्यायवाची शब्दहरू |
|---|
| जीवन र जिन्दगी, जाग्नु र ब्यूँझनु, बाँचेको छु र पूरै छु, ठगार र ठग्ने<br>घृणा–तिरस्कार |

- – जीवन हो र यति मात्र जीवन हो (१)।
- – जिन्दगीमा हामी यहाँ ... (८९)।
- – दुईजनाले ब्यूँझिएर ... अब (६४)।

यसप्रकार प्रस्तुत सङ्कथन पाठमा थोरै सङ्ख्यामा मात्र पर्यायवाची शब्दहरूको प्रयोग गरिएको छ ।

### विपरीतार्थी सम्बद्धक

प्रस्तुत पाठमा प्रयोग भएका विपरीतार्थी शब्दहरू निम्नलिखित छन् :

तालिका नं. ८

*विपरीतार्थी सम्बद्धक*

| पाठमा प्रयोग भएका विपरीतार्थी शब्दहरू |
|---|
| बाहिर–भित्र, बिहान–साँझ, सेतो–कालो, उज्यालो–अँध्यारो, छेउ–टाढो, सुत्नु–जाग्नु, आकाश–भुइँ, कुप्रेका–तन्केका, थोरै–पूरै, भूत–ईश्वर, सानो–ठूलो |

- – साँझको पहेँलो क्षणमा,... वृष्टिप्रहरमा बाहिर वर्षा ...सेता उज्यालो मात्र हुने थियो (६)। ...टाढो गइसकेको बुझिन्छ (१०)। ...छेउमा पुगेको थिएँ जस्तो लाग्छ (१२) ।...'भोलि बिहान हेर्नू (१४)।'
- – ...अन्धकार लाग्यो (१५)।
- – ... भित्रै भित्ताको दुलोदेखि हेरेँ ... (१८)।

यसप्रकार एउटै वाक्यहरूमा विपरीतार्थी शब्दहरूको केही वाक्यहरूमा सँगसँगै प्रयोग गरिएको पाइए पनि सर्वत्र यस्तो स्थिति रहेको देखापर्दैन ।

### अनेकार्थी सम्बद्धक

पाठमा प्रयोग भएका अनेकार्थी शब्दहरू निम्नलिखित छन् :

तालिका नं. ९

*अनेकार्थी सम्बद्धक*

| पाठमा प्रयोग भएका अनेकार्थी शब्दहरू |
|---|
| तर, पेटी, बिख, शिव, थोक, पङ्क्ति, जमात, रकम, साँचो, कुरा, दोकान, बेला, पर्दा, काल |

- – तर छोरीको ... (२)।
- – ... झ्यालको पर्दा च्यातेर ... (२६)।...पेटी बाँधिमाग्छ, ... साल फेरि रोप्नुपर्ने ... (३),
- – फेरीवाल एक्लै त्यति बेला निस्किन्छ (२२)।
- – थोक दिएर सोधेँ–(३०)'
- – शिवका ... (३१)। ...पङ्क्ति लेखाइ ...(३२),... कालमा (३५)।

यसप्रकार प्रस्तुत सङ्कथन पाठमा अनेकार्थी शब्दहरू सँगसँगै प्रयोग गरिएका छैनन् । त्यस्ता अनेकार्थी शब्दहरू विभिन्न वाक्यहरूमा खास एउटा प्रसङ्गार्थ लिएर आएका छन् ।

**समावेशी सम्बद्धक**

पाठमा प्रयोग भएका समावेशी शब्दहरू निम्नलिखित छन् :

| पाठमा प्रयोग भएका कालिक समावेशी सम्बद्धक | पाठमा प्रयोग भएका दान सम्बद्धक | आदर्शसँग सम्बन्धित समावेशी सम्बद्धक | खाद्यसँग सम्बन्धित समावेश सम्बद्धक | स्थानसँग सम्बन्धित |
|---|---|---|---|---|
| बिहान, साँझ, राति, रात, दिन, भविष्यत्, साल, बेला, आज, भोलि, क्षण मध्यरात | पैसा, मुष्टिदान कोट, | राष्ट्रियता, सत्चरित्रता, साहित्यिकता | हर्दी, नून, चामल, इस्कुस, दाल | बास, चियादोकान, घर, ओह्लालो, सिमाना बजार, हिमालय, पृथ्वी, दैलो, माटो, कोठा |

- दिनैपिच्छे (१)। आज आजै सकिने कुराहरू - भविष्यत् ...साल (३) । आज ... पैल्याउँछु (५) ...साँझको पहेँलो क्षणमा, मध्यरात ... (६)।... रातभरि ... (८)। ... राति ... लाग्छ (१२) ।...'भोलि बिहान हेर्नू (१४)।'बिहान... (१६)। ...राती अन्धकारका ...कालो रातमा ... (२१) ।...त्यति बेला... (२२)।' ... रात ... (२४)। ...एक बिहान ...(३०)' भोलि ... पछि पछि सबै मेरो आदर्शहरू सिद्धिन्छन्, ... (७१) हिजो राति ... बिहान ...दिएँ (७८)।
- असहाय र अपाङ्गहरूलाई भए पैसा, मुट्टीदान, चिया, पुरानो कोट दिइहाल्छौँ (७४) ।
- ...(राष्ट्रियता, सद्चरित्रता, साहित्यिकताको), ... (७१)
- हर्दी, नून चामल काँटी, 'मैले सोधेँ (१९)।
- एक दाना इस्कुस ... (७८)।

यसप्रकार प्रस्तुत पाठमा समावेशी सम्बद्धकअन्तर्गत क्रमशः काल, स्थान, खाद्य, आदर्श र दानसँग सम्बन्धित तीन तीनवटा शब्दहरू प्रयोग आएका छन् । तिनले अर्थ प्रतीति र भावबोधलाई आस्वाद्य तुल्याउनमा सघाएका छन् ।

**श्रुतिसमभिन्नार्थी सम्बद्धक**

पाठमा प्रयोग भएका अनेकार्थी शब्दहरू निम्नलिखित छन् :

**तालिका नं. ११**

*श्रुतिसमभिन्नार्थी सम्बद्धक*

| पाठमा प्रयोग भएका श्रुतिसमभिन्नार्थी सम्बद्धकहरू |
|---|
| फेरि-फेरी, जून-जुन, दिशा, दिन, बाघ, बास, |

- ... धुस्सिएको दिन थियो (१), फेरि रोप्नुपर्ने मकै ... (३), ...बासमा गयौँ, चियादोकान पनि रहेछ उसको घर (४२)।जुन एक्कासि

साँझको ... (६)। ..., फेरीवालले फेरी लाउँदा ...(९)। सेतो जून खसेर ... (२५)।

– यो बाघ भए पृथ्वीमा एउटै हुनुपर्छ (६१)।

यसप्रकार यसमा श्रुतिसमभिन्नार्थक सम्बद्धकअन्तर्गत फेरि-फेरी र जुन-जून युगलपद र दिशा, दिन, बाघ र बास एकल श्रुतिभिन्नार्थक सम्बद्धक प्रयोग गरिएको छ ।

## निष्कर्ष

आयामेली कथाकार इन्द्रबहादुर राईद्वारा लिखित*एउटा विचारको यात्रापथ* कथाको सम्बद्धकका आधारमा विश्लेषण गरिएको छ। यसमा सार्वनामिक सम्बद्धक अन्तर्गत अग्रसन्दर्भक प्रयोग भएको छ। यहाँ छोरीका लागि त्यसले, त्यो, फेरीवालका लागि ऊ, तपाईंहरू, उनीहरू, तिनीहरू, ठेकेदारका लागि उसले र दाजुका लागि पनि उसले सार्वनामिक सम्बद्धकको नै प्रयोग गरिएको छ । म, मलाई, हामीहरूलाई, तपाईंहरूले, उसले, उनीहरू, त्यो, तिनीहरू, यो, यी, यहाँ, त्यो, के, के के, किन, जहाँ तहाँ र जुन सार्वनामिक सम्बद्धक प्रयोग भएका छन् ।

स्थानिक, सम्बद्धकअन्तर्गत स्कुल, बाहिर, भुइँ, घरवरिपरि, छाना, टाढो, छेउ, दैलो, आकाश, घरभित्र, हिमालयका पहाड, सिमाना बजार, चियादोकान, वास, अन्धकार कोठा, कालो कोठा, सुके बजार, घर, बारी खोल्साभरि थाल, यहाँ, तलमाथि, भित्र र बाहिर, कालिकसम्बद्धक अन्तर्गत आज, भविष्यत्, अर्को, साल, एक्कासि, साँझको पहेँलो क्षण, मध्यरात, वृष्टिप्रहर, रातभरि पहिलो राति, भोलिबिहान, बिहान, कालो रात, एकरात, कुनै काल, भोलि, पहिलो क्षण र मध्यरात, प्रतिस्थापन सम्बद्धकअन्तर्गत ऊ, सुरक्षा, जोगी, जमात, थुप्रै, हरू, ठग्ने, पूरै छु, जिन्दगी, द्वन्द्वीशक्ति, पुनरावृत्ति सम्बद्धकअन्तर्गत जीवन, आदर्श, तपाई, जीवन, फेरीवाल, संयोजन सम्बद्धकअन्तर्गत र, तर, पनि, कि, अनि, जुन, जहाँ र त्यहाँ, जसरी र त्यसरी लोपसम्बद्धकअन्तर्गत 'अहिले चूप लागेर सुत्', 'ऊ वा फेरीवाल', ('शिव' र 'थिए'), ('हामी'), 'मैले', 'मलाई', 'मैले', 'त्यहाँ', 'थिए र थियो', 'गन्ध', र यसपछि तीन ठाउँमा 'हामी' कर्तापदको लोप तथा निपात सम्बद्धकअन्तर्गत नै पद उपयोग भएका छन् ।

कोशीय सम्बद्धकअन्तर्गतको पर्यायवाचीमा जीवन र जिन्दगी, जाग्नु र व्यूँझनु, बाँचेको छु र पूरै छु, ठगार र ठग्ने तथा घृणा र तिरस्कार शब्द युगल नै आएका छन् । विपरीतार्थी सम्बद्धकअन्तर्गत बाहिर–भित्र, बिहान–साँझ, सेतो–कालो, उज्यालो–अँध्यारो, छेउ–टाढो, सुत्नु–जाग्नु, आकाश–भुइँ, कुप्रेका–तन्केका, थोरै–पूरै, भूत–ईश्वर, सानो–ठूलो, अनेकार्थीसम्बद्धक अन्तर्गत तर, पेटी, बिख, शिव, थोक, पङ्क्ति, जमात, रकम, साँचो, कुरा, दोकान, बेला, पर्दा, समावेशी सम्बद्धकअन्तर्गत क्रमशः कालवाचक बाह्रवटा, स्थानवाचक एघारवटा, खाद्यसँग सम्बन्धित पाँच, आदर्श र दानसँग सम्बन्धित तीन तीनवटा शब्दहरू प्रयोग भएका छन्। श्रुतिसमभिन्नार्थी सम्बद्धक फेरि-फेरी, जून-जुन, दिशा, दिन, बाघ, बास, प्रयोग भएका छन् । यसर्थ सम्बद्धक प्रयोगका दृष्टिले सङ्कथन पाठ सन्तुलित एवम् आस्वाद्य रहेको छ ।

## सन्दर्भ सूची

कोइराला, धनपति (२०७४), *प्रायोगिक भाषाविज्ञान* (दो.सं.), काठमाडौँ : शब्दार्थ प्रकाशन ।

कोइराला, धनपति(२०७५) 'पारिजातको सिटीहलको बूढो ज्यामी कथाको सङ्कथन विश्लेषण', *मध्यविन्दु जर्नल,* (वर्ष ४, पूर्णाङ्क ४) पृ. १९-३२।

खनाल, गोविन्द (२०७४), *शत्रु कथाको सङ्कथन विश्लेषण,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली विभाग, मध्यविन्दु बहुमुखी क्याम्पस, नवलपरासी ।

जैसी, कृष्णप्रसाद (२०६४), *तीन घुम्ती उपन्यासको सङ्कथन विश्लेषण,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली शिक्षा विभाग, त्रिविवि, कीर्तिपुर ।

ढकाल, उर्मिला (२०६७), *मधेसतिर कथाको सङ्कथन विश्लेषण,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली शिक्षा विभाग, त्रिविवि, कीर्तिपुर ।

ढकाल, शान्तिप्रसाद (२०६७), *प्रायोगिक भाषाविज्ञान,* काठमाडौं : शुभकामना प्रकाशन ।

ढुङ्गेल, भोजराज र दाहाल, दुर्गाप्रसाद (२०५९), *प्रायोगिक भाषाविज्ञान,* काठमाडौं : एम.के. पब्लिसर्स एन्ड डिस्ट्रव्युटर्स ।

तिवारी, भोलानाथ, (सन् १९८५), *आधुनिक भाषाविज्ञान* (त्रिपन्नौं संस्करण), इलाहावाद : किताब महल ।

पौडेल, दीपेन्द्र, (२०७०), *एकरात कथाको सङ्कथन विश्लेषण,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली शिक्षा विभाग, त्रिविवि, कीर्तिपुर ।

भट्ट, पुष्करराज (सन् २०१५), 'कति बसूँ पर्खिएर...गजलको सङ्कथन विश्लेषण', *घोडाघोडी रिभ्यू,* वर्ष १, अङ्क १, पृ. १४२-१५० ।

भट्टराई, कृष्ण (२०६८), *परालको आगो कथाको सङ्कथन विश्लेषण,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली शिक्षा विभाग, त्रिविवि, कीर्तिपुर

भण्डारी, पदम (२०६८), *केही राष्ट्रिय रोग : एक अनुसन्धान निबन्धको सङ्कथनपरक विश्लेषण,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली शिक्षा विभाग, त्रिविवि, कीर्तिपुर ।

भण्डारी, पारसमणि र अन्य (२०६८), *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

लम्साल, रामचन्द्र र अन्य (२०६५), *प्रायोगिक भाषाविज्ञान,* काठमाडौँ : भुँडी पुराण प्रकाशन ।

लामिछाने, यादवप्रकाश र लामिछाने गीता (२०६९), *नेपाली कथा र उपन्यास,* (ते.सं.), काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।